# कोभिड – १९ संकट व्यवस्थापन केन्द्र, (COVID-19 CMC ) जुम्लाद्धारा प्रकाशित

## कोरोना भाईरस COVID-19 सम्बन्धी जिल्ला स्तरीय प्रतिकार्य

# बुलेटिन

वर्ष १ अंक २ असाढ जिल्ला प्रशासन कार्यालय, जुम्ला मिति २०७७/०३/०१

कोभिड-१९ संक्रमणबाट विश्वनै आक्रन्त बनेको छ । हाल ६२११ संक्रमित १९ जनाको मृत्यु सहित नेपाल पनि यो महामारीबाट त्रसित छ । नेपाल सरकारले चैत्र ११ देखि लागू हुनेगरी नेपालभर निषेधाज्ञा जारी गरेको छ। उक्त आदेशको कार्यान्वयनमा जुम्ला संयन्त्र पनि जुटी रहेको छ।

जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति, जिल्ला संकट ब्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला प्रशासन कार्यालय लगायत सम्पूर्ण सुरक्षा इकाईहरु, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जिल्ला जनस्वास्थ सेवा कार्यलय लगायत जिल्लाका सम्पूर्ण स्थानीय तह र अन्तरगतको संयन्त्रहरु यो महामारीको विरुद्ध लडिरहेको अवस्था छ भने माननीय संघीय सांसदज्यू, प्रदेश सभा सदस्यज्यूहरु, राजनैतिक दलका प्रमुख एंव नागरिक समाजका सचेतक गैर सरकारी संस्था, उद्योगी, ब्यवसायी, संचारकर्मी र आम जुम्लाबासी नागरिक हरुको साथ सहयोग सदभाव र समर्थन रही रहेको छ। जुम्ला जिल्लामा **COVID- 19** रोकथाम सम्बन्धी प्रतिकार्य गतिविधिहरु COVID – 19 **Crisis Management Center,** जुम्लाले बुलेटिन अंक २ मार्फत आम सर्वसाधरण समक्ष पु-याउन आरम्भ गरिएको व्यहोरा जानकारी गराउन चाहन्छौ।

**COVID-19** बाट उत्पन्न यस बिषम परिस्थितिको प्रतिरोध गर्न सबै संयन्त्रका साथै स्वास्थ्यकर्मी, आवश्यक मेडिकल उपकरण तथा क्वारेन्टाईन बेडहरु समेत तयारी अवस्थामा राखी जोखिम सम्भाब्य ब्यक्तिहरुलाई क्वारेन्टाईनमा राखिएको र शंकास्पद व्यक्तिहरुको स्वाब संकलन गरी परीक्षणको लागि यस जिल्लामा भएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाउने व्यवस्था गरिएको छ। तर यस महाब्याधी रोग कोरोना भाईरस विरुद्धको लडाई जित्नको निम्ति सरकारले गरेको अनुरोधलाई पूर्ण रुपमा पालन गरी घरमै बसिदिएर अनावश्यक हिड्डुल र भिडभाड् नगरिदिनुहुन अनुरोध गर्दछौ । साथै यस भाईरस विरुद्धको लडाईमा अग्र पंक्तिमा खटिनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरकारी अधिकारी, जनप्रतिनिधि तथा अत्यावश्यक सेवा प्रदायक संस्थाहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले यस समयमा अफ्नो पेशागत धर्म पूर्णरुपमा ईमान्दारीका साथ निर्वाह गर्नुहुन समेत अनुरोध गर्दछौ।

### पृष्ठभूमीः-

महामारीका रूपमा विश्वमा फैलिरहेको कोरोना भाईरस (COVID-19) चीनको वुहान शहरबाट शुरू भई विश्वमा भ्रमण गर्दै नेपालसम्म आईसकेको छ। हालसम्म ६२११ जना व्यक्तिलाई संक्रमणको शिकार बनाएको कोरोना भाईरसले जुम्लामा २८ जनालाई संक्रमण गरेको छ । केही समयको आईसोलेसनको बसाई पश्चात १९ जना व्यक्ति घरमा फर्किएका छन् भने ९ जना व्यक्तिहरू उपचारार्थ छन्। भारत तथा मूलुकको अन्य स्थानबाट जुम्ला प्रवेश गर्ने व्यक्तिहरूलाई अनिवार्य रूपमा क्वारेन्टाईनमा बस्नु पर्ने व्यवस्था मिलाईएको छ। क्वारेन्टाईन स्थलको निर्माण, सञ्चालन, लजिस्टिक व्यवस्थापन, खाना व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्दै आईरहेको छ भने क्वारेन्टाईनमा बसेका व्यक्तिको स्वास्थ्य परीक्षण तथा क्वारेन्टाईन स्थलको सुरक्षा व्यवस्थापन कोभिड – १९ संकट व्यवस्थापन केन्द्र, जुम्लाले गर्दै आईरहेको छ।

जिल्लाभरमा १४ वटा एकीकृत क्वारेन्टाईन स्थलहरू रहेका छन् । हालसम्म १९२९ जना व्यक्तिहरू क्वारेन्टाईनको बसाई पुरा गरी घर फर्केका छन् । २०७६/१२/०९ देखि हालसम्म जुम्ला प्रवेश गर्ने १२१२९ जना व्यक्तिको स्वास्थ्य परीक्षण गरिएको छ । यसमा मुगु जाने व्यक्तिहरूको संख्या समेत समावेश छ। जिल्लामा २९५४ जना व्यक्तिको RT-PCR परीक्षण तथा ३४३ RDT गरिएको छ। सम्पूर्ण स्थानीय तहले ८०० स्थायी शैया र आवश्यकता अनुसार अस्थायी शैया तयार गरेका छन् । कोभिड-१९ को संक्रमण देखा परिसकेको अवस्थामा CCMC, जुम्लाले समूदायस्तरमा फैलन सक्ने परिस्थिति समेतलाई दृष्टिगत गरी जिल्लाका विभिन्न नाकाहरुबाट भित्रिने व्यक्तिहरूको ठूलो संख्यालाई स्क्रिनिङ्ग र **COVID-19** रोकथाम तथा नियन्त्रण गरी संक्रमण फैलिन नदिने अभिप्रायले जिल्ला स्थित सम्पूर्ण स्थानीय निकाय लगायत सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै आईरहेको छ। COVID-19 Crisis Management Centre, जुम्लाले COVID-19 को जोखिम न्यूनीकरणका लागि प्रवर्धनात्मक, नियन्त्रणात्मक तथा उपचारात्मक पद्दति अपनाउदै देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरेको छ।

**एकीकृत क्वारेन्टाईनको निरन्तरताः-**

जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको मिति २०७७/०२/०३ को निर्णय बमोजिम कर्णाली प्राविधिक शिक्षालयलाई जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरका रूपमा स्थापना गर्ने निर्णय गरेको थियो । यसै गरी २०७७/०२/१० गतेको निर्णयले नेपाल निर्माण व्यवसायी संघको भवन, जुम्ला बहुमुखी क्याम्पस, अनामनगर, दुर्गा मा.वि., तातोपानी (लाम्रा) र सरस्वती मा.वि., कुडारीलाई एकीकृत क्वारेन्टाईन सेन्टरका रूपमा विस्तार गर्ने निर्णय गरेको थियो । प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यूको अध्यक्षतामा बसेको मिति २०७७/०२/२० गतेको बैठकले जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरको अवधारणालाई निरन्तरता दिनुका साथै त्यस्ता क्वारेन्टाईन सेनटरहरूको व्यवस्थापन र संचालनलाई थप प्रभावकारी बनाउने निर्णय गरेको थियो ।

## जुम्ला जिल्लामा रहेका एकीकृत क्वारेन्टाईन सेन्टरहरू

| सि.नं. | एकीकृत क्वारेन्टाईन | स्थानीय तह |
|---|---|---|
| १. | कर्णाली प्राविधिक शिक्षालय, घुघुती | चन्दननाथ नगरपालिका, जुम्ला |
| २. | निर्माण व्यवसायी संघको भवन | चन्दननाथ नगरपालिका, जुम्ला |
| ३. | दुर्गा मा.वि. लाम्रा | तातोपानी गाँउपालिका, जुम्ला |
| ४. | नेत्र ज्योति मा.वि. हाँकु | तातोपानी गाँउपालिका, जुम्ला |
| ५. | हिम शिखर मा.वि. तातोपानी | तातोपानी गाँउपालिका, जुम्ला |
| ६. | सरस्वती मा.वि. कुडारी | तिला गाँउपालिका, जुम्ला |
| ७. | सीता मा.वि. रारालिही | तिला गाँउपालिका, जुम्ला |
| ८. | राहदेउ मा.वि. मोफ्ला | हिमा गाँउपालिका, जुम्ला |
| ९. | महादेव मा.वि. पाथरखोला | हिमा गाँउपालिका, जुम्ला |
| १०. | कालिका मा.वि. कालिकाखेतु | हिमा गाँउपालिका, जुम्ला |
| ११. | सिंजा बहुमुखी क्याम्पस, सिंजा | सिंजा गाँउपालिका, जुम्ला |
| १२. | नेपाल राष्ट्रिय मा.वि., मालिकाबोता | कनकासुन्दरी गाँउपालिका, जुम्ला |
| १३. | पुरानो प्रहरी चौकी भवन, धवलमुडि | गुठिचौर गाँउपालिका, जुम्ला |
| १४. | कर्णाली ईन्स्टीच्यूट, डिल्लीचौर | पातारासी गाँउपालिका, जुम्ला |


CorePati

# क्वारेन्टाईनमा मृत्यू भएका ६५ बर्षिय पुरुषको पिसिआर रिपोर्ट नेगेटिभ

जुम्ला जेठ २३ गते ।

जुम्लाको तलिउममा क्वारेन्टाईनमा बसेर मृत्यू भएका ६५ बर्षिय ज्येष्ठ नागरिकको रिपोर्ट नेगेटिभ आएको छ । चन्दननाथ नगरपालिका वडा नं ८ धुपी ढुस्का माध्यामिक विद्यालय तलिउममा क्वारेन्टाईनमो मृत्यू भएका व्यक्तिको स्वाब संकलन गरि पिसिआर परीक्षण गरिएको र प्रतिवेदन नेगेटिभ आएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालले जनाएको छ ।


बर्दियाबाट आएर जेठ २१ गते वडाले तयार गरेको क्वारेन्टाईनमा बसेका उहाँको मृत्यू भएपछि कोरोना हो कि भन्ने त्रास फैलिएको थियो ।

घटना स्थलमा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, चन्दननाथ नगरपालिकाका मेयर कान्तिका सेजुवाल सहितको टोली पुगेर फिर्ता भएको थियो ।


नयाँ पत्रिका

प्रदेश

# जुम्लाको क्वारेन्टाइनमा ६५ वर्षीय वृद्धको मृत्यु


कान्तिपुर

कर्णाली

# जुम्लाका गाउँमा चिकित्सक पुगे


जेठ २३, २०७७ | एलपी देवकोटा


नयाँ पत्रिका

समाचार

# जुम्लामा दुई हजार सात सय ६० जनाको पिसिआर परीक्षण

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालले पछिल्लो समय कोरोना भाइरसको संक्रमण भए-


कान्तिपुर

कर्णाली

# चन्दननाथ नगरपालिकाका २ वडा सिल

जेठ २४, २०७७ | एलपी देवकोटा


BL

# कोरोना जितेका स्वास्थ्यकर्मी भन्छन्, मैले कोरोना जित्दा राज्यको साहस बढेको छ

